# सामाजिक विकास मन्त्रालय

(युवा तथा खेलकुद महाशाखा)

बुटवल, नेपाल

पत्र संख्याः ०७७/०७८

चलानी नं.:

**साझेदारीमा खेलकुद एकेडेमी सञ्चालन कार्यक्रमका लागि प्रस्ताव पेश गर्नेसम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति २०७७।०५।१०**

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.ब. ०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रममा साझेदारीमा खेलकुद एकेडेमी सञ्चालन कार्यक्रम रहेकोले यस मन्त्रालयसँगको साझेदारीमा क्रिकेट र फुटवल खेल विधामा खेलकुद एकेडेमी सञ्चालन गर्न यस प्रदेश भित्रका इच्छुक प्रचलित कानून वमोजिम दर्ता भई नवीकरण गरिएका खेलकुद एकेडेमीहरु, sport science संकाय सञ्चालन गरेका विश्वविद्यालयहरु र राष्ट्रिय खेलकुद परिषदमा नियमानुसार दर्ता भएका खेलकुद संघहरुलाई तपसिल बमोजिमका विवरण तथा कागजातसहितको प्रस्ताव सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्याद पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारबाही हुने छैन।

**तपसिल**

१. संस्थाको खेल मैदान तथा भवनको जग्गाधनी प्रमाण पत्र वा भोगाधिकार रहेको कागजातको प्रतिलिपि।
२. संस्थामा रहेको खेलकुद प्रशिक्षण कक्षको संख्या।
३. कार्यरत प्रशिक्षक तथा कर्मचारीहरुको नाम, पद, ठेगाना सहितको विवरण।
४. गत आर्थिक वर्षमा सञ्चालित खेलकुद प्रशिक्षण व्याचको संख्या तथा सोबाट उत्पादित खेलाडीहरुको नाम, ठेगाना सहितको विवरण।
५. विगत २ वर्ष यता त्यस संस्थाबाट प्रशिक्षण लिएका खेलाडीहरुले राष्ट्रिय स्तरको प्रतियोगितामा भाग लिएको वा पुरस्कार समेत प्राप्त गरेको भएमा सहभागिता पत्र वा पुरस्कारको प्रमाण पत्र।
६. संघ संस्था दर्ता र चालु आ.ब. का लागि नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि।
७. संस्थाको कम्तीमा आ.ब. २०७५।०७६ को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि।
८. संस्थाको विधानको प्रतिलिपि।

पुनश्चः यस कार्यक्रममा क्रिकेट र फुटवल खेलमा साझेदारीमा खेलकुद एकेडेमी सञ्चालनका लागि एक-एक वटा प्रस्ताव छनौट गरिनेछ।

(विष्णु प्रसाद पन्थी)
शाखा अधिकृत

बोधार्थः

श्री सामाजिक विकास डिभिजन कार्यालय,

रुपन्देही, कपिलवस्तु, पाल्पा, दाङ, प्युठान र बाँकेः यसै सूचना बमोजिम प्रस्तावहरु संकलन गरी तोकिएको म्याद समाप्त भएको ७ दिन भित्र यस मन्त्रालयमा प्राप्त हुनेगरी पठाउनुहुन।

प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
(युवा तथा खेलकुद महाशाखा)
बुटवल, नेपाल

पत्र संख्याः ०७७/०७८

चलानी नं.:

एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमका लागि व्यावसायिक परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

सूचना प्रकाशित मितिः २०७७।०५।१०

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालयको आ.ब. २०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालनका लागि यस प्रदेश अन्तर्गतका प्राविधिक धार सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालय तथा अन्य सामुदायिक माध्यमिक विद्यालयहरुलाई तोकिएको ढाँचामा विवरण भरी तपसिल अनुसारका विवरण तथा कागजातहरुसहित सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस मन्त्रालयमा व्यावसायिक परियोजना प्रस्तावना पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालनको व्यावसायिक परियोजना प्रस्ताव।
२. उद्यम सञ्चालनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालयका शिक्षक स्टाफ तथा सम्बन्धित स्थानीय तहको प्रतिवद्धता पत्र।
३. उद्यम कोष स्थापना भएको प्रमाण पत्रको प्रतिलिपि।
४. उद्यमी विद्यार्थी क्लव गठनको निर्णयको प्रतिलिपि र क्लवका पदाधिकारीको विवरण।
५. पूर्व विद्यार्थी मञ्च गठन भएको निर्णयको प्रतिलिपि र मञ्चका पदाधिकारीको विवरण।
६. विद्यालयमा कार्यरत शिक्षक स्टाफहरुको विवरण।
७. विद्यालयमा सञ्चालित कक्षा र ती कक्षाहरुमा अध्ययनरत विद्यार्थी विवरण।
८. पछिल्लो तीन शैक्षिक शत्रको शैक्षिक उपलव्धि विवरण।
९. विद्यालयको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी।
१०. उद्यम गर्न सकिने व्यावसायिक क्षेत्रहरु तथा यस कार्यक्रम सम्बन्धी अन्य व्यवस्था मन्त्रालयको वेबसाइट www.mosd.p5.gov.np बाट एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ डाउनलोड गरी हेर्न सकिने छ।

नोटः यस कार्यक्रमका लागि प्रस्ताव पेश भएका विद्यालयहरु मध्येबाट एउटा विद्यालय छनौट गरिने छ ।

विष्णु प्रसाद पन्थी
शाखा अधिकृत

दर्ता नं. ८२६
मिति ०७७।५।१०


Web: www.mosd.p5.gov.np, Email: info.mosd@p5.gov.np, mosdfive@gmail.com, Phone No. 071-550038, 550650